# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ९, संख्याः ४, असार ३२ गते, २०८२ साल


व्यास नगरपालिकाको नगर सभाले पारित गरेको तल लेखिए बमोजिमको संशोधित ऐन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग १

## वन ऐन (प्रथम संशोधन), २०८२

सभाबाट स्वीकृत मिति : २०८२।३।२४

व्यास नगरपालिकाको वन ऐन, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम नगर सभाबाट स्वीकृत भई व्यास नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुने गरी निम्नानुसार संशोधन गरेको छ :

| क्र.स. | साविकमा भएको | संशोधन गर्नुपर्ने (थप/घट) |
|---|---|---|
| १. | | दफा २ (र) पछि (ल) थप "सार्वजनिक वन" भन्नाले माथि (क) मा उल्लेख भएका वन बाहकेका सार्वजनिक स्थानमा रहेको रुख, विरुवा, सार्वजनिक चौताराका रुखहरु समेत सम्झनुपर्छ । |
| २. | | **दफा २९ पछि २९क थप, निजी वन तथा निजी आवादीको वन पैदावार ओसारपोसार** : (१) घरायसी प्रयोजनका लागि निजी वन तथा निजी आवादी जग्गामा रहेका रुख कटान, सङ्कलन वा प्रशोधन गरी उत्पादित काठ दाउरा जिल्ला भित्रको अन्य स्थानीय तहमा ओसारपसार गर्नुपरेमा व्यास नगरपालिकाबाट अनुमति लिनुपर्नेछ ।<br>(२) घरायसी प्रयोजनका लागि व्यास नगरपालिका भित्र निजी वन वा निजी आवादीमा रहेको वन पैदावारको कटान, सङ्कलन, ओसारपसार तथा प्रशोधन गरी उपयोग गर्न सम्बन्धित वडा कार्यालयमा अनुमतिका लागि निवेदन दिन सकिनेछ र यसरी निवेदन प्राप्त भएमा सम्बन्धित वडा कार्यालयले त्यस्तो अनुमति दिनुपर्नेछ ।<br>(३) व्यवसायिक प्रयोजनका लागि निजी वन वा आवादीमा रहेका वन पैदावारको सङ्कलन ओसारपसार गर्नुपरेमा व्यास नगरपालिकाको स्वीकृति लिनुपर्नेछ र नगरपालिकाले त्यस्तो स्वीकृतिको जानकारी डिभिजन वन कार्यालयलाई दिनुपर्नेछ ।<br>(४) व्यवसायिक प्रयोजनका लागि व्यास नगरपालिकाबाट अर्को स्थानीय |

| | | |
|---|---|---|
| | | तहमा वन पैदावार ओसारपसार गर्नुपरेमा सम्बन्धित डिभिजन वन कार्यालयबाट समेत स्वीकृति लिनुपर्नेछ ।<br>(५) यस दफा बमोजिम निजी वन वा आवादीबाट काठ, दाउरा सङ्कलन गर्ने अवधि विपद् परेको अवस्था बाहेक अन्य अवस्थामा प्रत्येक वर्ष असोज महिनाको १ गतेदेखि जेठ महिनाको मसान्तसम्म हुनेछ ।<br>(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि निजी वन वा निजी आवादीमा उत्पादित गोलिया काठ हुने बाहेकका दाउरा, फलफूल, डालेघाँस र बाँस कटान, सङ्कलन, ओसारपसार, बिक्री र प्रयोगमा कुनैपनि नियकाबाट अनुमति लिनुपर्ने छैन । |
| | | **२९ख थप सार्वजनिक वनको संरक्षण** : (१) सार्वजनिक स्थानमा रहेका बोट, विरुवा, चौतारामा रहेका रुख विरुवाहरुको संरक्षण गर्ने कार्य नगरपालिकाले गर्नेछ ।<br>(२) सार्वजनिक चौताराको अभिलेख राख्ने कार्य सम्बन्धित वडाहरुबाट गरिने र नगरपालिकामा समेत अभिलेख राखिनेछ । |
| | | **दफा ३३ पछि ३४ थप** यस ऐनमा संघीय तथा गण्डकी प्रदेश वन ऐनसँग बाझिएको प्रावधान संघ वा प्रदेश कानुन अनुसार हुनेछ । |

आज्ञाले
काशी राम गैरे
प्रमुख प्रशासकीय अधिकृत